गाउँ कार्यपालिकाको कार्यालय
धादिङ
बागमती प्रदेश, नेपाल

# नेत्रावती डबजोङ गाउँपालिकाको आ. व. २०८३/८४ को बजेट वक्तव्य

यस नेत्रावती डबजोङ गाउँपालिकाको आदरणीय गाउँसभाका सभा अध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

उपस्थित जनप्रतिनिधिज्यूहरु,

विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यूहरु,

कर्मचारी मित्रहरु,

संचारकर्मी मित्रहरु,

सुरक्षा निकायका प्रतिनिधिज्यूहरु,

नागरिक समाजका प्रतिनिधिज्यूहरु,

गैर सरकारी संस्थाका प्रतिनिधिज्यूहरु,

सहकारी संघ संस्थाबाट पाल्नु भएका सम्पूर्ण प्रतिनिधिज्यूहरु ,

सर्वप्रथम, नेत्रावती डबजोङ गाउँपालिकाको यस ऐतिहासिक १९ औ गाउँसभामा जय नेपालको न्यानो अभिवादन सहित ल्हासो फ्याफुल्ला नमस्कार भन्न चाहन्छु। समृद्धिको सुनौलो बिहानीको पर्खाइमा रहेको हाम्रो गाउँपालिकाको समग्र विकास, समृद्धि र सामाजिक न्यायको लक्ष्यलाई साकार पार्न यहाँहरूको सक्रिय सहभागिता र रचनात्मक सुझावले हामीलाई सधैं प्रेरित गरेको छ।

नेपालको प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक पछिल्लो समयमा सुशासनका लागि भएको जेन्जी आन्दोलन विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरूप्रति सम्मान एवम् स्मरण गर्दै हार्दिक समावेदना अर्पण गर्दछु । साथै देशमा सुशासन, भ्रष्टाचार नियन्त्रण, न्याय र समानताका सामाजिक

Scanned with CamScanner

न्याय, समावेशीता प्राप्तिका क्रममा भएका लोकतन्त्रिक जनआन्दोलनका घाइते, वेपत्ता र अपाङ्गता भएका व्यक्तिहरूप्रति सम्मान प्रकट गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

आज म यस ऐतिंहासिक नेत्रावती डबजोङ गाउँपालिकाको **आर्थिक वर्ष २०८३/८४ को बजेट** प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरिरहेको छु। यो बजेट केवल अङ्कहरूको सँगालो मात्र होइन, बरु यस पवित्र भूमिमा पुस्तौंदेखि काँधमा काँध मिलाएर बस्दै आएका हाम्रा सबै जातजातिको सपना, सुख-दुःख र साझा समृद्धिको ऐना हो।

गाउँपालिका स्थापना भएपछिको आजको गाउँसभा विशेष ऐतिहासिक अवसर हो। यस अवसरमा **"समृद्ध गाउँ, समुन्नत नेत्रावती डबजोङ गाउँपालिका"** निर्माण गर्ने हाम्रो दीर्घकालीन संकल्पलाई मूर्त रूप दिन हामी यहाँहरू सबै एकजुट छौं। यस अभियानमा सबैको सक्रिय सहभागिता, समन्वय, सहकार्य र समर्पणको अपेक्षा गरेका छौ।

यो गाउँसभा हाम्रो साझा सपना र आकांक्षालाई मूर्तरूप दिने महत्वपूर्ण मञ्च हो। हामीले विगतका वर्षहरूमा स्थानीय आवश्यकता र प्राथमिकतामा आधारित नीति तथा कार्यक्रमहरू मार्फत पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, र सामाजिक समावेशीकरणका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्दै अघि बढ्दै आइरहेको छौं। यद्यपि, हाम्रा सामु आर्थिक स्रोतको सीमितता, भौगोलिक जटिलता र

गुरुङ, घलेहरूको घाँटु र मगर समुदायको रोधी, नेवारहरूको परम्परागत टुकटुके नाच, खैचडी नाच, र मारुनी नाच, तथा क्षेत्री-ब्राह्मण र दलित समुदायका मौलिक संस्कृति, भेषभूषा र रीतिरिवाजको जगेर्ना  गर्न पनि उतिकै महत्व दिइएको छ। यी हाम्रा अमूल्य सम्पदाको संरक्षण र प्रवर्द्धन गर्नु हामी सबैको सामूहिक दायित्व हो।

"जसरी फरक-फरक फूलहरू मिलेर एउटा सुन्दर माला बन्दछ, त्यसैगरी हामी सबै जात जाति मिलेर नै यो सुन्दर नेत्रावती डबजोङ बनेको हो। त्यसैले, यों बजेटले कसैलाई पनि पछाडि नछोडी सबैको आत्मसम्मान र पहिचानलाई सम्मानजनक स्थान दिएको छ।"

**सभाका अध्यक्ष ज्यू,**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले निम्न दस्तावेजहरुलाई आधारको रुपमा लिएको छु ।

१. नेपालको संविधान

२. स्थानीय सरकार संचालन ऐन, २०७४

३. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४

४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

५. संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन र मापदण्डहरु

६. स्थानीय तह बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४

७. संघीय तथा प्रदेश सरकारका आवधिक योजनाहरु

८. गाउँपालिकाको आन्तरिक श्रोत साधन

९. वडा कार्यालयहरुबाट प्राथमिकता निर्धारण भै आएका योजना तथा कार्यक्रमहरु

१०. गाउँपालिकाद्वारा आयोजित अन्तर्किया, छलफलबाट प्राप्त सुझावहरु

११. संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीतिहरु

Scanned with CamScanner

- शिक्षा, स्वास्थ्य, कृषि, पशु, सडक, खानेपानी, सिंचाई, सामाजिक विकास, सशक्तीकरण, समन्वय, मूलप्रवाहीकरण, उद्यमशिलता, पर्यटन, दिगो विकास, समावेशी विकास र विद्युतीय शासन।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अब म यस नेत्रावती डबजोङ गाउँपालिकाको आ. व. २०८३/८४ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

यस आर्थिक वर्षका लागि  कूल रकम रु. ४० करोड ५० लाख ४७ हजार रुपैया बजेट प्रस्तुत गरेको छु। जसमध्ये आयका स्रोत यस प्रकार रहेको छ।

**१. नेपाल सरकार बाट प्राप्त अनुदान**

क) बित्तीय समानीकरण रु. ९ करोड ६३ लाख

ख) राजस्व बाँडफाँड रु. ८ करोड ४ लाख ४१ हजार

ग) शसर्त अनुदान (चालु) रु. १३ करोड ३९ लाख

घ) समपूरक अनुदान रु ७० लाख

ङ) विशेष अनुदान रु ४५ लाख

**२. बागमती प्रदेश सरकारबाट प्राप्त अनुदान**

क) बित्तीय समानीकरण रु. ८४ लाख ४७ हजार

Scanned with CamScanner

ख) प्रदेश राजस्व बाडँफाँड रु.२ करोड ६० लाख

ग) सशर्त अनुदान (चालु) रु. २६ लाख ७९ हजार

घ) सशर्त अनुदान (पुँजीगत) रु. ५३ लाख

ङ) समपुरक अनुदान रु. २ करोड ७३ लाख

च) विशेष अनुदान रु. ७० लाख

३. आन्तरिक आम्दानीबाट अनुमानित बजेट रकम रु. ६२ लाख

यसरी आ. ब. २०८३/८४ मा कूल ४० करोड ५० लाख ६७ हजार बजेट बराबरको आय हुन सक्ने भनि सोहि रकम बराबरको वजेट प्रस्तुत गरेको छु । यस बजेटमा सामाजिक सुरक्षा भत्ता वापतको रकम समावेश गरिएको छैन । साथै संघीय र प्रदेश वित्तीय समानीकरणबाट प्राप्त अनुदानलाई पुँजीगत तर्फ मात्र बिनियोजनको व्यवस्था मिलाएको छु ।

यसमा बिभिन्न सरकारी तथा गैर सरकारी सघं संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको खर्च समाबेश गरिएको छैन । यस सम्मानित गाउँसभा मार्फत ती संस्थाहरुको कार्यक्रम पारित गरिएपछि गाउँ कार्यपालिकाको बैठक मार्फत उक्त रकम सार्वजनिक गरिने छ ।

आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु,

Scanned with CamScanner

अब म आ. व.२०८३।८४ मा हुने सम्पूर्ण व्यय तर्फको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु,

**१) चालु तर्फः**

गाउँपालिका तथा सम्पुर्ण वडा कार्यालयहरुको वार्षिक चालु प्रकृतिका सम्पूर्ण खर्चको लागि र पदाधिकारीहरुको सेवा सुविधा गरी कुल जम्मा रु. ७ करोड ५० लाख बिनियोजन गरेको छु । जसमा संघीय राजस्व बाडँफाँडबाट रु. ५ करोड, बागमती प्रदेश राजश्व बाँडफाँडबाट रु. १ करोड ८८ लाख र आन्तरिक स्रोतबाट रु ६२ लाख ब्यहोर्ने अनुमान गरेको छु ।

२) नेपाल सरकार सशर्त अनुदान तर्फको १३ करोड ३९ लाख मध्ये

चालु तर्फः १३ करोड ३९ लाख

३) बागमती प्रदेश सरकार सशर्त अनुदान तर्फको ७९ लाख ७९ हजार मध्ये

चालु तर्फः २६ लाख ७९ हजार

पुँजीगत तर्फः ५३ लाख

यस गाउँपालिका भित्र समाहित भएका विषयगत कार्यालयहरु जस्तै शिक्षा, कृषि, पशु, स्वास्थ्य, लक्षित वर्ग क्षेत्र, खानेपानी, भवन, संस्कृति संरक्षण लगायतहरुलाई सशर्त अनुदानमा नेपाल सरकारबाट प्राप्त रकम रु. १३ करोड ३९ लाख र बागमती प्रदेश सरकारबाट प्राप्त रकम रु. ७९ लाख ७९ हजार विनियोजन गरिएको तत् शिर्षकमा नै खर्च गर्ने गरी आवश्यक प्रबन्ध मिलाएको छु ।

**४) नेपाल सरकार समपूरक अनुदान तर्फको खर्चः**

Scanned with CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
सैमजोड, धादिङ
बागमती प्रदेश, नेपाल

आगामी आ. व. २०८३।८४ मा नेपाल सरकारबाट समपुरक अनुदान रकम रु. ७० लाख प्राप्त भए बमोजिम सो योजनाको साझेदारीमा थप २१ लाख बजेट गाउँपालिकाबाट व्यहोर्ने व्यवस्था मिलाएको छु।

**५) बागमती सरकार समपुरक अनुदान तर्फको खर्च:**

आगामी आ. व. २०८३।८४ मा बागमती प्रदेश सरकारबाट समपुरक अनुदान रकम रु. २ करोड ७३ लाख प्राप्त भए बमोजिम सो को लागि गाउँपालिकाको प्राथमिकतामा परेका सडक योजनाको साझेदारीमा थप ८१ लाख ९० हजार बजेट गाउँपालिकाले व्यहोर्ने व्यवस्था मिलाएको छु।

**६) नेपाल सरकारबाट विशेष अनुदान तर्फको खर्च :**

आ. व. २०८३।८४ मा नेपाल सरकारबाट मागमा आधारित खानेपानी योजनामा विशेष अनुदान रु ४५ लाख प्राप्त भए बमोजिम उक्त रकमलाई सोही शिर्षकमा नै खर्च गर्ने व्यवस्था मिलाएको छु।

**७) बागमती प्रदेश सरकारबाट विशेष अनुदान तर्फको खर्च :**

आ. व. २०८३।८४ मा बागमती प्रदेश सरकारबाट मागमा आधारित सिचाई योजनामा विशेष अनुदान रु ७० लाख प्राप्त भए बमोजिम उक्त रकमलाई सोही शिर्षकमा नै खर्च गर्ने व्यवस्था मिलाएको छु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

Scanned with CamScanner

अब म नेपाल सरकार बित्तीय समानीकरण, बागमती प्रदेश सरकार बित्तीय समानीकरण, नेपाल सरकार र प्रदेश सरकार राजस्व बाडँफाडँ स्रोतबाट व्यहोर्ने गरी व्यय प्रस्तुत गर्न चाहन्छु ।

१) भौतिक पूर्वाधार निर्माण तर्फ रु ४ करोड १८ लाख १५ हजार ५ सय २९ विनियोजन गरेको छु । जस अन्तर्गत वडास्तरीय योजनाको लागि प्रत्येक वडाका लागि रु ३० लाखको दरले बजेट बिनियोजन गरेको छु । साथै सडक बोर्ड साझेदारी तर्फ रु १० लाख र दशै सरसफाइ तर्फ रु ३० लाख विनियोजन गरेको छु ।

२) संस्थागत सुशासन तथा कार्यालय संचालन तर्फ ३ करोड ४३ लाख बिनियोजन गरेको छु ।

३) आर्थिक विकास तर्फ रु ५६ लाख ४७ हजार रुपैया बिनियोजन गरेको छु । जसमध्ये कृषि विकास शाखातर्फ रु ३६ लाख ५० हजार र पशु सेवा शाखातर्फ रु ९ लाख ५० हजार र रोजगारी सृजना तथा उद्यमशिलता तर्फ १० लाख ४७ हजार विनियोजन गरेको छु ।

४) सामाजिक विकास तर्फ रु ५ करोड ६४ लाख २५ हजार ४ सय ७१ रुपैया बिनियोजन गरेको छु । जसमध्ये शिक्षा युवा तथा खेलकुद तर्फ रु ३ करोड ९ लाख ५० हजार ४ सय ७१ रुपैया, स्वास्थ्य तर्फ रु १ करोड ५० लाख ८० हजार बिनियोजन गरेको छु । सामाजिक समावेशीकरण तर्फ रु ८८ लाख ९५ हजार, न्यायिकतर्फ रु १५ लाख विनियोजन गरेको छु ।

५) वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु ४२ लाख बिनियोजन गरेको छु ।

**आदरणीय सम्पूर्ण उपस्थित महानुभावहरु,**

Scanned with CamScanner

माथि उल्लेख गरिएका सार्वजनिक निर्माण अन्तर्गत रहेका नितान्त प्राबिधिक विषय र खरिद गर्नुपर्ने सामग्री बाहेक सबैमा प्रत्येक शिर्षकको १० प्रतिशत श्रमदान र ५ प्रतिशत नगद जनसहभागितालाई वजेटमा समावेश गरिएको छैन।

अन्त्यमा प्रस्तावित वजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गरी सहयोग गर्नुहुने सम्पुर्ण महानुभाबहरुलाई धन्यवाद ज्ञापन गर्दछु । त्यसै गरी गाँउपालिका अध्यक्ष ज्यू, गाँउसभाका सदस्य ज्यूहरु, कर्मचारी वर्ग, राजनैतिक दलका प्रतिनिधी ज्यूहरु, समाजका अग्रज व्यक्तिहरु, पत्रकार मित्रहरु, सुरक्षाकर्मी साथीहरु तथा सम्पुर्ण महानुभाबहरु प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय जनसमुदायले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा गरेको छु । प्रस्ताबित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन वृद्धिमा सहयोग पुग्ने बिश्वास लिएको छु।

आज प्रस्तुत भएको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यले हाम्रो गाउँपालिकाको सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको संरक्षण गर्दै आर्थिक समृद्धि, सामाजिक न्याय र वातावरणीय सन्तुलनलाई प्राथमिकता दिएको छ। यसले विशेषगरी कृषि आधुनिकीकरण, गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य सेवा, ग्रामीण पूर्वाधार र रोजगारी सिर्जनालाई जोड दिएको छ। साथै, तामाङ समुदायलगायत यहाँका सबै जातजातिको सांस्कृतिक पहिचानको संरक्षण र प्रवर्द्धनमा विशेष ध्यान दिइएको छ।

Scanned with CamScanner

हामीसँग सामूहिक आर्थिक क्षमता र भौगोलिक जटिलताका चुनौतीहरू अवश्य छन्। तर तामाङ, लागयत यहाँ भएका समुदाय हामी सबै एकजुट भयौं भने यी चुनौतीहरूलाई अवसरमा बदल्न सक्छौं।

आय र व्ययको विवरण तयार गर्दा वडा तहदेखि गाउँपालिका स्तरसम्मका सुझाव र आवश्यकताहरूलाई समेट्ने प्रयास गरिएको छ। हाम्रो लक्ष्य प्रत्येक नागरिकले दिगो विकास, शान्ति र सुरक्षा तथा सामाजिक न्याय अनुभूति गर्न सकून् र कसैले पनि पछाडि परेको महसुस गर्नु नपरोस भन्ने रहेको छ।

आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट, योजना तथा कार्यक्रम कार्यान्वियनमा गाउँबासी, नेपाल सरकार, प्रदेश सरकार, राजनैतिक दलहरु, नागरिक समाज, गैर सरकारी संघ संस्था, पत्रकार मित्रहरु, समाजका बुद्धिजिवी वर्गहरु, बैदेशिक दातृ संस्था र कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा राखेको छु। धन्यवाद

सितामाया गुरुङ
उपाध्यक्ष तथा संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति
२०८३ असार ०४ गते